आकाशवाणी

08-03-26

मुख्य समाचार

- महिलाहरूलाई अवसर र सहयोग मिल्यो भने हरेक क्षेत्रमा उत्कृष्टता प्राप्त गर्न सकने राष्ट्रपतिको भनाई
- उपराष्ट्रपतिले विद्यार्थीहरूलाई सफलताको तीन प्रमुख सिद्धान्तहरू - कड़ा मेहनत, आत्म-अनुशासन र समर्पण - को पालन गर्ने गर्नुभयो आग्रह
- प्रधानमन्त्रीले नयाँ दिल्लीमा लगभग तेतीस  हजार पाँच सय करोड़ रुपियाँका विभिन्न विकास परियोजनाहरूको गर्नुभयो उद्घाटन र शिलान्यास, अनि
- युवा कार्य र खेल मन्त्रालयले भोली दिल्लीमा **विकसित भारत युवा कनेक्ट** कार्यक्रमको दोस्रो चरणको  गर्नेछ शुभारम्भ ।

## 32. राष्ट्रपति - महिला दिवस समारोह

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएकोछ, महिलाहरूलाई अवसर र सहयोग मिल्यो भने हरेक क्षेत्रमा उत्कृष्टता प्राप्त गर्न सक्छन् । अन्तर्राष्ट्रीय महिला दिवसको अवसरमा नयाँ दिल्लीमा आयोजित एउटा समारोहमा राष्ट्रपतिले भन्नुभयो, उद्यमिता होस् वा कर्पोरेट जगत, महिलाहरूले हरेक क्षेत्रमा अग्रणी भूमिका निभाइरहेका छन् । उहाँले भन्नुभयो, भारत महिलाहरूको नेतृत्व भएको विकासको दिशामा आगि बढ़ीरहेको छ साथै, कार्यबलमा महिलाहरूको भागीदारी बढ़ेकोछ । राष्ट्रपति मुर्मुले **बेटी बचाओ बेटी पढ़ाओ, पीएम मुद्रा योजना र मिशन शक्ति** जस्तो योजनाहरूको उल्लेख गर्दै भन्नुभयो, यसैले महिलाहरूको सशक्तिकरण भएको छ । राष्ट्रपतिले भन्नुभयो, शिक्षामा महिलाहरूको भागीदारी बढ़ीरहेको छ।

## Murmur BYTE -1 WOMEN

यसैगरि,  अन्तर्राष्ट्रीय महिला दिवसको अवसरमा सोशल मीडिया सन्देशमा श्री मोदीले पनि सबै महिलाहरूलाई शुभकामना दिनुभयो। उहाँले भन्नुभयो , भारतको प्रगतिका साथ-साथै महिलाहरूको आकाङ्क्षा र योगदानले एउटा बलियो तथा समृद्ध राष्ट्रको दिशामा हाम्रो सामूहिक यात्राको मार्गदर्शन गरिरहनेछ। उहाँले भन्नुभयो, महिलाहरूले प्रत्येक क्षेत्रमा दृढ़ संकल्प, रचनात्मकता र अद्वितीय उत्साहका साथ देशको प्रगतिलाई आकार दिरहेका छन् ।

## 37 उपराष्ट्रपति त्रिपुरा विश्वविद्यालय

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले विद्यार्थीहरूलाई सफलताको तीन प्रमुख सिद्धान्तहरू - **कड़ा मेहनत, आत्म-अनुशासन र समर्पण** - को पालन गर्ने आग्रह गर्नुभयो । उहाँले युवाहरू

संग नशा देखि टाडा रहने र विकसित भारतको निर्माणका लागि प्रौद्योगिकीको सकारात्मक उपयोग गर्ने अपील पनि गर्नुभयो । **महाराजा बीर बिक्रम शतबरशिकी** भवनमा आज त्रिपुरा विश्वविद्यालयको चौधौँ दीक्षान्त समारोहमा उहाँले भन्नुभयो, विश्वविद्यालयमा शोध गतिविधीहरू जारी रहनु पर्छ र राष्ट्रीय विकासका लागि शोधलाई नवाचारमा परिवर्तित गर्नुपर्छ ।

उपराष्ट्रपतिले त्रिपुरा विश्वविद्यालयको **मदन मोहन मालवीय सङ्काय भवनको** भर्चुअली उद्घाटन पनि गर्नुभयो । मुख्यमन्त्री **डा. माणिक साहा-ले** भन्नुभयो, आजका विद्यार्थी नै भविष्यका नेता र विकसित भारतका निर्माता हुन् । उहाँले त्रिपुरा विश्वविद्यालयलाई एउटा बौद्धिक प्रकाश स्तम्भ बताउनुभयो , जसले राज्यमा मानव संसाधन विकासमा महत्वपूर्ण भूमिका निभाएको छ ।

### 36. संशो. प्रधानमंत्री - दिल्ली परियोजनाएं

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा लगभग तेतीस हजार पाँच सय करोड़ रुपियाँका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो । यस अवसरमा श्री मोदीले भन्नुभयो, राष्ट्रीय राजधानीमा सुविधाहरू र बुनियादी ढाँचालाई लगातार मजबूत र विस्तारित गरिदैछ। उहाँले भन्नुभयो, आज शुरू गरिएको परियोजनाले बुनियादी ढाँचा सुदृढ़ हुनेछ, कनेक्टिविटीमा सुधार हुनेछ र मानिसको जीवन सुगम बन्नेछ।

### समाचार आकाशवाणीबाट सुन्दैहुनुहुन्छ।

### 42 माई भारत - युवा कनेक्ट

युवा कार्य र खेल मन्त्रालयले भोली दिल्लीमा **विकसित भारत युवा कनेक्ट** कार्यक्रमको दोस्रो चरणको शुभारम्भ गर्नेछ । यो पहल 'मेरा युवा भारत'-का माध्यमद्वारा आयोजना गरिदैछ, जसको उद्देश्य विकसित भारत दुई हजार सैतालिसको भिजनका साथ युवाहरूको सहभागितालाई मजबूत गर्नु हो । मन्त्रालयले बताएकोछ, राष्ट्रीय राजधानीको पैतिस भन्दा अधिक कलेजहरूका दस हजार भन्दा अधिक विद्यार्थीहरूले यस कार्यक्रममा भाग लिने आशा गरिएकोछ।

### 46 कोलकाता- मंडाविया

युवा मामिला र खेल मन्त्री **मनसुख मण्डावियाले** देशका युवाहरूलाई 'विकसित भारत' को निर्माणको मिशनमा निर्णायक नेतृत्वको भूमिका निभाउने आह्वान गर्नुभयो । उहाँले आज कोलकतामा राज्य स्तरीय **माई भारत यूथ भोलेन्टीयर सम्मेलनमा** भाग लिनुभयो । श्री

मण्डावियाले जोड दिँदै भन्नुभयो, देशका एक सय चालिस करोड़ नागरिकले सामूहिक रूपमा देशको प्रगतिलाई आगि बढ़ाउनेछन्, तर आजका युवा जो विकसित भारतको प्राथमिकता हुन् , उनीहरूले भविष्यको निर्माणको नेतृत्व गर्नुपर्छ। यस दृष्टिकोणलाई साकार गर्नका लागि, खेल मन्त्रीले देश भरमा एक लाख युवा नेतृत्वकर्ताहरूको पहिचान गर्ने र उनीहरूलाई प्रशिक्षित गर्ने एउटा पहलको घोषणा पनि गर्नुभयो ।

## केरल

केरलको तटबाट करिब अस्सी समुद्री माइल टाढा भारतीय तटरक्षक बलले समुद्रमा फसेका नौ जना मछुवारालाई उद्धार गरेको छ। हिजो कन्याकुमारीबाट प्रस्थान गरेका मछुवाराको डुङ्गा करिब अस्सी समुद्री माइल टाढा दुर्घटनाग्रस्त भएको थियो। सूचना प्राप्त भएपछि तटरक्षक बलको जहाज घटनास्थलमा पुगेको थियो र नौ जनालाई सुरक्षित उद्धार गरेको हो। तिरुवनन्तपुरम स्थित रक्षा मन्त्रालयका स्रोतहरूले आकाशवाणीलाई जानकारी दिए अनुसार अझै दुई जना बेपत्ता व्यक्तिको खोजी कार्य जारी रहेको छ।

उद्धार गरिएका मछुवाराहरूलाई तटमा ल्याइ प्राथमिक उपचार गरिएपछि थप उपचारका लागि तिरुवनन्तपुरमको सरकारी मेडिकल कलेज अस्पतालमा भर्ना गरिएको छ। प्रारम्भिक अनुसन्धानअनुसार मछुवाराको डुंगा ओमानबाट कोलम्बो जाँदै गरेको व्यापारिक जहाज एमभी सोलिस सँग ठोक्किँदा उक्त दुर्घटना भएको बताइएको छ। नौवहन महानिर्देशनालयले घटनाको विस्तृत छानबिन गर्न आदेश दिएको छ।

## सिक्किमका मुख्यमन्त्री

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आज गान्तोकस्थित गणेश टोकबाट त्सोमगो अल्ट्रा 5.0 म्याराथन लाई हरियो झण्डा देखाउँदै औपचारिक रूपमा शुभारम्भ गर्नुभयो। मुख्यमन्त्रीले चुनौतीपूर्ण पहाडी भू-भागमा दौड सुरु गर्ने धावकहरूलाई शुभकामना व्यक्त गर्नुभयो। त्सोमगो अल्ट्रा म्याराथन धावकहरूको शारीरिक तथा मानसिक सहनशीलताको महत्वपूर्ण परीक्षा मानिन्छ। विभिन्न क्षमताका धावकहरूका लागि प्रतियोगितामा विभिन्न श्रेणी समावेश गरिएको थियो। यसमा बहत्तर किलोमिटरको अल्ट्रा दौड, एकाइस किलोमिटरको हाफ म्याराथन, दस किलोमिटरको दौड तथा पाँच किलोमिटरको फन रन समावेश थियो ।

## प्रशांत महासागर क्षेत्रमा ६.० रेक्टर स्केलको भूकम्प महसुस

आज प्रशान्त महासागर आसपासको क्षेत्रमा ६ दसमलब सुन्य रेक्टर स्केलको शक्तिशाली भूकम्प महसुस गरिएको छ। भूकम्पको केन्द्र ताजिकिस्तान-मा रहेको जानकारी प्राप्त भएको छ। भारतको भूकम्प विज्ञान केन्द्रका अनुसार भारतीय समयअनुसार दिउँसो दुई बजेर अन्ठाउन्न मिनेटमा पृथ्वीको सतहबाट करिब एक सय तिस किलोमिटर गहिराइमा भूकम्प गएको थियो।

भूकम्पका झट्का इन्डोनेशिया सहित केही अन्य क्षेत्रमा पनि महसुस गरिएको बताइएको छ। यद्यपि हालसम्म कुनै मानवीय क्षति वा सम्पत्तिमा ठूलो नोक्सानी भएको खबर प्राप्त भएको छैन।

<u>मुख्य समाचार फेरी एकपल्ट</u>

- महिलाहरूलाई अवसर र सहयोग मिल्यो भने हरेक क्षेत्रमा उत्कृष्टता प्राप्त गर्न सकने राष्ट्रपतिको भनाई
- उपराष्ट्रपतिले विद्यार्थीहरूलाई सफलताको तीन प्रमुख सिद्धान्तहरू - कड़ा मेहनत, आत्म-अनुशासन र समर्पण - को पालन गर्ने गर्नुभयो आग्रह
- प्रधानमन्त्रीले नयाँ दिल्लीमा लगभग तेतीस  हजार पाँच सय करोड़ रुपियाँका विभिन्न विकास परियोजनाहरूको गर्नुभयो उद्घाटन र शिलान्यास, अनि
- युवा कार्य र खेल मन्त्रालयले भोली दिल्लीमा **विकसित भारत युवा कनेक्ट** कार्यक्रमको दोस्रो चरणको  गर्नेछ शुभारम्भ ।